# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नागार्जुन नगरपालिका, काठमाडौंका नगर प्रमुख **मोहन बहादुर बस्नेत समेत ५ जना** मु.नं (०८१-CR-००४४)<br>फैसला मिति २०८२/०३/०६ | घुस रिसवत लिई/दिई भ्रष्टाचार गरेको तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर समेत। | **आयोगको माग दावी**<br>• **<u>प्रतिवादी मोहन बहादुर बस्नेतको हकमा :</u>** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा बिगो रु.९,२२,४६,०३२।३३(अक्षरेपी नौ करोड बाईस लाख छयालीस हजार बत्तीस रुपैया र तेत्तीस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय हुन, प्रतिवादी मोहन बहादुर बस्नेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लेखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन, साथै सोही ऐनको दफा ३ को उपदफा (१) तथा दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम आरोपपत्रको तालिका नं.१२ मा उल्लेखित जग्गा/सम्पत्तिबाट रिसवतको बिगो जफत/असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>• **<u>प्रतिवादी उर्मिला बस्नेतको हकमा</u>** प्रतिवादी मोहन बहादुर बस्नेतले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरू पद्मा कोलोनी प्रा.लि.,पद्मा मर्चेन्ट प्रा.लि.तथा सो कम्पनीहरूको अध्यक्ष/सञ्चालक राजु प्रसाद कँडेलले प्रतिवादी मोहन बहादुर बस्नेतलाई घुस रिसवत दिए दिलाए पश्चात सम्पत्ति शुद्धीकरणको प्रक्रियामा संलग्न रहेको भन्ने तथ्य मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन आएको नदेखिंदा निजहरु उपरको सम्पत्ति शुद्धीकरण तर्फको दावी पुग्न नसक्ने।<br>• प्रतिवादी उर्मिला बस्नेतले जानी जानी घुस रिसवतको रकम लिए खाए वा भुक्तानी गर्न लगाएको भन्ने तथ्य मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि हुन आएको देखिएन।<br>• प्रतिवादी उर्मिला बस्नेतले आरोपित *घुस/रिसवत (predicate* offence*)* गरेको तथ्य विश्वास योग्य प्रमाणबाट स्थापित हुन सकेको नदेखिदा सम्पत्ती शुद्धीकरण गरेको भनी थप दायित्वारोपण गर्ने कानुनी अवस्था उत्पन्न हुने अवस्था देखिएन।<br>• प्रतिवादी उर्मिला बस्नेतले सम्पत्ति धारण गरेको देखिए तापनि अपराधबाट आर्जित सम्पत्ति हो भन्ने वा कसूरबाट आर्जित सम्पत्ति हो भन्ने जानीजानी धारण वा रुपान्तरण गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजातबाट देखिन आएन। | • काठमाण्डौ,नागार्जुन नगरपलिकाका नगर प्रमुख मोहन बहादुर बस्नेतले निजको श्रीमती उर्मिला बस्नतसँगको मिलोमतोमा घरजग्गा व्यवसायी राजु प्रसाद कडेल र निजको कम्पनी पद्मा कोलोनी, पद्मा मर्चेन्ट प्रा.लि.समेतबाट रु.९,२२,४६,०३२।३३ घुस/रिसवत लिई/दिई उक्त घुस/रिसवतको उत्पत्तिको गैरकानूनी स्रोत (Illicit origin) बाट अलग देखाउन, कसूरजन्य कार्य घुस/रिसवतबापत प्राप्त गरेको रकम/सम्पत्तिको स्रोत लुकाउने कलुषित मनसाय राखी उक्त कसुरजन्य कार्यको सजाय छल्न सकिन्छ भन्ने मनसायका साथ त्यसरी प्राप्त गरेको सम्पत्तिको अधिकार बदल्न, स्वामित्व र स्वरुप परिवर्तन गर्न प्रतिवादी मोहन बहादुर बस्नेत समेतले गैरकानूनी रुपमा प्राप्त गरेको सम्पत्ति/जग्गालाई बिक्री बितरण गरी कर्जा भुक्तानी समेत गरेको देखिन्छ। उक्त घुस/रिसवत वापतको रकम विभिन्न व्यक्तिहरुलाई भुक्तानी गरेको देखिन्छ। त्यसै गरि निज प्रतिवादीले घर निर्माणमा खर्च गरेको लगायत बिभिन्न व्यक्तिगत प्रयोजनमा उक्त घुस/रिसवत वापतको रकम खर्च गरेको तथ्य पुष्टी भएकोले बिगो रु.१३,१२,७३,०३२।३३ सम्पत्ति शुद्धीकरण गरेको भन्ने तथ्य रहेको प्रस्तुत मुद्दामा निज प्रतिवादी मोहन बहादुर बस्नेत र घुस रिसवत दिने पद्मा कोलोनी प्रा.लि., पद्मा मर्चेन्ट कम्पनी प्रा.लि. र सो कम्पनीको अध्यक्ष/संचालक राजु प्रसाद कँडेलले घुस/रिसवत रकम लिनु/दिनुको भ्रष्टाचारजन्य कसूर गरेको विषयमा अदालतमा कुनै फरक जिकिर नलिई प्रस्तुत मुद्दामा प्रतिवादीहरु पद्मा कोलोनी प्रा.लि.,पद्मा मर्चेन्ट प्रा.लि.तथा सो कम्पनीहरूको अध्यक्ष/सञ्चालक राजु प्रसाद कँडेल र मोहन बहादुर बस्नेत घुस\रिसवत तर्फको कसूर ठहर हुने गरि विशेष अदालतवाट फैसला भएको देखिदा निज प्रतिवादीहरु पद्मा कोलोनी प्रा.लि.,पद्मा मर्चेन्ट प्रा.लि.तथा सो कम्पनीहरूको अध्यक्ष/सञ्चालक राजु प्रसाद कँडेल, मोहन बहादुर बस्नेत र निजको श्रीमती उर्मिला बस्नेत समेतको सामुहिक संलग्नतामा घुस/रिसवतको कारोवार भएको तथ्य उक्त घुस वापतको रकमको एकिन भएको गन्तव्य समेतका प्रमाणहरुवाट पुष्टि भई रहेको देखिदा देखिदै भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद जरिवानाको हकमा प्रति ब्यक्ति जनही विगोको आधारमा सजाय गर्नु पर्नेमा दावी गरिको विगो रु.९,२२,४६,०३२।३३ लाई दामासाही गरि निज प्रतिवादीहरुलाई कम कैद तथा जरिवाना गर्ने र प्रतिवादी मध्येकी उर्मिला बस्नेतलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला फौजदारी कानूनको अक्षरस प्रयोग र Strong Interpretation of Criminal law को सिद्धान्त बिपरित देखिदा घुस\रिसवत तर्फ विगो दामासाही गरि भएको फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरि पाँउ।<br>• प्रतिवादी पद्मा कोलोनी प्रा.लि./पद्मा मर्चेन्ट कम्पनी प्रा.लि. संचालक/अध्यक्ष राजु प्रसाद कँडेललाई सस्तोमा जग्गा मिलाइदिने प्रतिवादी मोहन बहादुर बस्नेत र जग्गा बिक्रेता गोकूल गिरीका बीच जग्गाको बैनाबट्टा सम्बन्धी सम्झौता भएको देखिन्छ।जस अनुसार नागार्जुन नगरपालिका वडा नं.७ स्थित कि.न.१७७०, १७७१, १७७२, १७७३, १७७९, १७७८ लगायतका जग्गा प्रति आना रु.९,५०,०००।— का दरले उपलब्ध गराउने गरी मिति २०७७/११/०७ गते सम्झौता बमोजिम बैना वट्टा वापत रकम दिएको तथ्य पुष्टि भएको छ। उल्लिखित जग्गाहरु खरिद गर्न गराउनको लागि पद्मा कोलोनी प्रा.लि./पद्मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिमको कसूरमा निज प्रतिवादी उर्मिला बस्नेतलाई मुख्य कसुरदार मोहन बहादुर बस्नेतका हकमा माथि मागदावी गरिएको विगो रु.९,२२,४६,०३२।३३(अक्षरेपी नौ करोड बाईस लाख छयालीस हजार बत्तीस रुपैया र तेत्तीस पैसा) लाई बिगो मानी सोही बिगो कायम गरी प्रतिवादी मोहन बहादुर वस्नेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्क वाक्याँश बमोजिम प्रतिवादी उर्मिला बस्नेतलाई सजाय हुन, साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३, दफा २२ र दफा ४७ बमोजिम माथि तालिका नं.१२ मा उल्लेखित जग्गा/सम्पत्तिबाट जफत/असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>• **प्रतिवादीहरु पद्मा कोलोनी प्रा.ली, पद्मा मर्चेन्ट कम्पनी प्रा.लि. तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कंडेलको हकमा:** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूरमा विगो रु.९,२२,४६,०३२।३३(अक्षरेपी नौ करोड बाईस लाख छयालीस हजार बत्तीस रुपैया र तेत्तीस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम सजाय हुन, साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, | | मर्चेन्ट कम्पनी प्रा.लि. संचालक/अध्यक्ष तथा जगदगुरू कृपालु प्रतिष्ठान नेपालका अध्यक्ष राजु प्रसाद कंडेलबाट नागार्जुन नगरपालिकाका नगर प्रमुख मोहन बहादुर बस्नेतले जम्मा **६,२८,६८,५६२ प्राप्त गरेको देखिन्छ जसमध्ये ९२ लाख श्रीमती उर्मिला बस्नेतको नामको खातामा राखेको** देखिन्छ। प्रतिवादी मोहन बस्नेत र निजको श्रीमती प्रतिवादी उर्मिला बस्नेतको मिलेमतो र आपसी सल्लाहमा बदनियतपुर्वक राजु प्रसाद कंडेलबाट प्राप्त भएको घुस रकम एक आपसमा आफ्नो बैंक खातामा राखि परिचालन गरेको तथ्य पुष्टि भई रहेको देखिन्छ। व्यक्तिगत बैंक खातामा जम्मा भएको रकमको स्रोत के हो भन्ने कुराको जानकारी उक्त खाताको स्वामित्ववाला व्यक्तिलाई निर्विवाद रुपमा भएको मानिने बैंकिङ्ग सिद्धान्त र मान्यता हुदाँ हुदै घुस/रिसवतको रकम प्राप्त गर्ने प्रतिवादी उर्मिला बस्नेतलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिदा बदरभागी छ।<br>• नागार्जुन नगरपालिकाका नगर प्रमुख मोहन बहादुर वस्नेतले निजको श्रीमती उर्मिला बस्नेत सँगको मिलोमतो तथा योजनामा नागार्जुन नगरपालिकाको नगर प्रमुख पदमा मोहन बहादुर बस्नेत बि.सं. २०७४ जेष्ठ महिनामा पद तथा गोपनीयताको शपथ लिई पद वहाल ग्रहण लगत्तै नगर प्रमुखको पद ओहोदाको दुरुपयोग गरी बि.सं. २०५१ साल देखि कै चिनजान रहेको घर/जग्गा व्यवसायी पद्मा कोलोनी प्रा.ली/पद्मा मर्चेन्ट कम्पनी प्रा.लि./जगतगुरु कृपालु प्रतिष्ठान नेपालका संचालक/अध्यक्ष राजु प्रसाद कंडेलबाट घुस रिसवत लिने मनसायले नागार्जुन नगरपालिकामा स्थायी ठेगाना रहेको उक्त जगतगुरु कृपालु प्रतिष्ठान नेपाललाई नगरपालिकाबाट विभिन्न शीर्षकमा कर छुट दिए दिन लगाएको, उक्त कम्पनीलाई विदेशी सहायता रु.७४८ करोड प्राप्त गर्न सहमती दिए दिन लगाएको, उक्त प्रतिष्ठानको हकमा नगरपालिकाबाट प्रमुख प्रशासकीय अधिकृतबाट हुने पत्राचारसमेत आफ्नै दस्तखतबाट गरी गराई उक्त प्रतिष्ठानको ख्याती (Goodwill)मा वृद्धि गरी गराई सोही प्रतिष्ठानले नागार्जुन नगरपालिका भित्र मन्दिर निर्माण गर्ने भनि नगर प्रमुख मोहन बहादुर वस्नेतले नगर प्रमुख पद ओहोदाको दुरुपयोग गरी आरोप पत्रको तालिका नं.१ मा उल्लिखित जग्गाहरु प्रतिवादी राजु प्रसाद कंडेल तथा निजको कम्पनीलाई उपलव्ध गराउने गरी सम्झौता गरे गराएकोमा सोही सम्झौतासमेत कार्यान्वयन गर्न गराउन जग्गा धनीहरुलाई गफलतमा पारी जग्गाधनीहरुसँग सम्झौता गरी गराई उल्लिखित जग्गाहरु नगर प्रमुख यि मोहन बहादुर वस्नेतले जम्मा रु.३,००,७२,०००।—(अक्षेरेपी तिन करोड बहत्तर हजार) रकम जग्गाधनीहरुलाई भुक्तानी दिई जगदगुरु कृपालु प्रतिष्ठान नेपालले निर्माण गर्ने मन्दिरको लागि जग्गा लिने भनी बैनाबट्टा गरे गराएको देखिन्छ।बजार मूल्य रु.४७,७५,००,०००।—(अक्षेरेपी सत्चालिस करोड पचहत्तर लाख) भएको उल्लिखित जग्गाहरु पद्मा कोलोनी प्रा.ली ले जग्गाधनीहरुलाई जम्मा रु.१८,९४,१८,४४८।—(अक्षरेपी अठार करोड चौरानब्बे लाख अठार हजार चार सय अठ्चालिस) भूक्तानी दिएको, राजस्व र बैनाबट्टा रकमसमेत गरी जम्मा रु.२३,२२,२७,०००।—(अक्षरेपी तेईस करोड बाईस लाख सत्ताईस हजार) मा उल्लिखित जग्गाहरु बजार मूल्य भन्दा करिव रु.२४,५२,७३,०००।—(अक्षरेपी चौबीस करोड बाउन्न लाख त्रीहत्तर हजार) कम मूल्यमा प्रतिवादी राजु प्रसाद कंडेल तथा निजको कम्पनीले प्राप्त गरे गराएको देखिन्छ।नागार्जुन नगरपालिकाका नगर प्रमुख मोहन बहादुर वस्नेतले निजको श्रीमती उर्मिला बस्नेतसँगको मिलोमतो तथा योजनामा नगर प्रमुखको पद ओहोदाको दुरुपयोग गरी उल्लिखित कार्य गर्न, गरिदिए वापत आरोप पत्रको तालिका नं. ५ मा विश्लेषण गरिए बमोजिमको बैक खाता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २०४८ को दफा २९ख तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ र दफा ४७ बमोजिम तालिका नं.१३ मा उल्लेखित जग्गा/सम्पत्तिबाट जफत/असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>**<u>सम्पत्ति शुद्धीकरण कसूर तर्फ</u>**<br>• **<u>प्रतिवादी मोहन बहादुर बस्नेत</u>**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरजन्य कार्य घुस/रिसवतबापत प्राप्त गरेको गैरकानूनी रकम/सम्पत्तिको स्रोत लुकाउने कलुषित मनसाय राखी बिभिन्न व्यक्तिगत प्रयोजनमा खर्च गरेको स-प्रमाण पुष्टी भएको देखिँदा निज मोहन बहादुर बस्नेतको उक्त कार्य सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) ले परिभाषित एवं निषेधित कसुर हुने हुँदा निज प्रतिवादी मोहन बहादुर बस्नेतलाई बिगो रु.१३,१२,७३,०३२।३३ (अक्षरेपी तेह्र करोड बाह्र लाख त्रीहत्तर हजार बत्तीस रुपैया तेत्तीस पैसा मात्र) कायम गरी सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम सजाय गरी पाउनका साथै, सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम माथि तालिका नं.१२ मा उल्लेखित सम्पत्ति/जग्गा समेत जफत/असुल उपर गरी पाउन र सोही ऐनको दफा ३० को उपदफा (७) बमोजिम प्रतिवादी मोहन बहादुर बस्नेतलाई थप सजाय हुन मागदावी लिईएको | | मार्फत रु.२,१५,७३,३९५।३३ (अक्षरेपी दुई करोड पन्ध्र लाख त्रिहत्तर हजार तिन सय पन्चानब्बे र तेत्तिस पैसा), तालिका नं.६ मा विश्लेषण गरिए बमोजिमको रु.६,८२,००,०००।—(अक्षरेपी छ करोड बयासी लाख) मूल्य बराबरको जग्गा र प्रतिवादी राजु प्रसाद कंडेललाई शंकर होटलमा भुक्तानी गर्न लगाएको बैबाहिक भोज गर्दाको खर्च रु.२४,७२,६३७।—(अक्षरेपी चौबिस लाख बहत्तर हजार छ सय सैतिस) समेत गरी जम्मा रु.९,२२,४६,०३२।३३ (अक्षरेपी नौ करोड बाईस लाख छयालीस हजार बत्तीस र तेत्तीस पैसा) बराबर घुस रिसवत प्रतिवादीहरु मोहन बहादुर बस्नेत र उर्मिला बस्नेतले पद्मा कोलोनी प्रा.ली, पद्मा मर्चेन्ट कम्पनी प्रा.लि., तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कंडेलबाट लिए/दिएको तथ्य मिसील संलग्न प्रमाण कागजातहरुवाट पुष्टि भएको देखिन्छ। साथै उक्त घुस रिसवत लिए/दिएको भ्रष्टाचारजन्य कसूर गरी आर्जन गरेको रु.९,२२,४६,०३२।३३[1](अक्षरेपी नौ करोड बाईस लाख छयालीस हजार बत्तीस रुपैया र तेत्तीस पैसा) सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने छल्ने उद्देश्यले निज प्रतिवादीहरुको आपसी मिलेमतो र योजनामा उक्त सम्पत्ति आरोप पत्रको तालिका नं. ७, ८, ९, १०, ११ मा विस्तृत विश्लेषण गरिए बमोजिम ऋण भुक्तानी, प्रतिवादी उर्मिला बस्नेतको नाममा रहेको जग्गामा घर निर्माण, विभिन्न व्यक्तिलाई भुक्तानीसमेत गरी गराई सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने, रुपान्तरण तथा हस्तान्तरण गर्ने कार्य गरी गराई सम्पत्ति शुद्धीकरण अन्तर्गतको समेत कसूर गरेको पुष्टि भएको अवस्था छ। तसर्थ, उल्लिखित घुस रिसवत लिई/दिई भ्रष्टाचार गरेको र उक्त भ्रष्टाचार सम्बद्ध कसूरको अलवा सम्पत्ति शुद्धीकरण कसूरसमेत भए गरेको अनुसन्धानबाट संकलित सवूद प्रमाणबाट पुष्टी भएको देखिदा देखिदै उक्त तथ्यको विश्लेषण नगरि तथा मिशिल संलग्न प्रत्यक्ष प्रमाणहरुवाट कसूरदार देखिदा देखिदै यि प्रतिवादीहरु पद्मा कोलोनी प्रा.लि.,पद्मा मर्चेन्ट प्रा.लि.तथा सो कम्पनीहरूको अध्यक्ष/सञ्चालक राजु प्रसाद कँडेल र प्रतिवादी उर्मिला बस्नेतलाई आरोपदावीबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिदा बदरभागी छ।<br>• प्रतिवादीहरु पद्मा कोलोनी प्रा.ली, पद्मा मर्चेन्ट कम्पनी प्रा.लि. तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कंडेलले प्रतिवादीहरु मोहन बहादुर बस्नेतलाई घुस रिसवत दिए दिन लगाएको तथ्य पुष्टि भएकोले उक्त घुस रिसवत वापतको रकम रु.९,२२,४६,०३२।३३ (अक्षरेपी नौ करोड बाईस लाख छयालीस हजार बत्तीस रुपैया तेत्तीस पैसा) स्रोत लुकाउने कलुषित मनसाय राखी उक्त कसुरजन्य कार्यको सजाय छल्न सकिन्छ भन्ने मनसायका साथ त्यसरी प्राप्त गरेको सम्पत्तिको अधिकार बदल्न, स्वामित्व र स्वरुप परिवर्तन गर्न प्रतिवादीहरु मोहन बहादुर बस्नेत समेतलाई यी प्रतिवादीले आँफूबाट घुस/रिसवत वापत लिएको नगद तथा जग्गा र सो जग्गा बिक्री गरी प्राप्त गरेको नगद हो भन्ने जानी जानी एवं आँफैले उपलब्ध गराएको रिसवत वापतको रकम शुद्धीकरण गरेको विश्वास गर्नुपर्ने मनासिव आधार हुँदा हुँदै मुख्य कसूरदारलाई सहयोग गरे गराएको पुष्टी भई रहेको अवस्थामा प्रतिवादीहरु पद्मा मर्चेन्ट कम्पनी प्रा.लि., पद्मा कोलोनी प्रा.लि. तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कँडेल र प्रतिवादी उर्मिला बस्नेत समेतले मुख्य कसूरदार प्रतिवादी मोहन बहादुर बस्नेतले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखिन्छ।<br>• <u>**प्रतिवादी उर्मिला बस्नेत**</u>ले प्रतिवादी मोहन बहादुर बस्नेतसमेत सँगको मिलोमतोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूरजन्य कार्य घुस/रिसवत बापत प्राप्त गरेको रकम/सम्पत्तिको स्रोत लुकाउने कलुषित मनसाय राखी विभिन्न व्यक्तिहरुलाई व्यक्तिगत प्रयोजनमा खर्च गरे गराएको स-प्रमाण पुष्टी भएकोबाट निज प्रतिवादी उर्मिला बस्नेतले मुख्य कसूरदार प्रतिवादी मोहन बहादुर बस्नेतले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसुरको मतियार भई सोही ऐनको दफा ३ को उपदफा (२) तथा सोही दफा ३ को उपदफा (३) मा परिभाषित कसुर बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा प्रतिवादी उर्मिला बस्नेतलाई रु.१३,१२,७३,०३२।३३ (अक्षरेपी तेह्र करोड बाह्र लाख त्रीहत्तर हजार बत्तीस रुपैया तेत्तीस पैसा मात्र) बिगो कायम गरी सोही ऐनको दफा ३० को उपदफा (२) बमोजिम प्रतिबादी उर्मिला बस्नेतलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय गरी पाउन, साथै सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम माथि तालिका नं.१२ मा उल्लेखित सम्पत्ति/जग्गा समेत जफत/असुल उपर गरी पाउन मागदावी लिईएको देखिन्छ।<br>• **पद्मा मर्चेन्ट कम्पनी प्रा.लि., पद्मा कोलोनी प्रा.लि. तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कडेलले** | | निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसुरको दुरुत्साहन, मद्दत, सहजीकरणसमेत गरी सोही ऐनको दफा ३ को उपदफा (२) तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसुरमा निज प्रतिवादीहरुलाई ऐनको दफा ३० को उपदफा (२), (५) (८) बमोजिम सजाय सजाय गर्नु पर्नेमा प्रतिवादी मोहन बहादुर बस्नेत वाहेकका अन्य प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिदा बदर भागी छ।<br>• प्रतिवादी उर्मिला बस्नेतले नागार्जुन नगरपलिकाका नगर प्रमुख निजको श्रीमान् मोहन बहादुर बस्नेतसँगको मिलोमतोमा घरजग्गा व्यवसायी राजु प्रसाद कंडेल र निजको कम्पनी पद्मा कोलोनी, पद्मा मर्चेन्ट प्रा.लि. समेतबाट माथि विवेचना गरे बमोजिम घुस/रिसवत लिई/दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूरजन्य कार्य गरी उक्त घुस/रिसवतको उत्पत्तिको गैरकानूनी स्रोत (Illicit origin) बाट अलग देखाउनका लागि पद्मा मर्चेन्ट कम्पनी प्रा.लि. बाट प्राप्त जग्गाहरु कित्ताकाट गरी प्यासिफिक फ्रोजन फुड्स प्रा.लि.लाई राजिनामा लिखतबाट हकहस्तान्तरण बिक्री गरी प्राप्त रकम रु.७,१२,२७,०००।-(अक्षरेपी सात करोड बाह्र लाख सत्ताईस हजार) समेत गरी कूल जम्मा रु.१०,७२,२७,०००।- (दश करोड बहत्तर लाख सत्ताईस हजार) रकम प्राप्त गरेको पुष्टि भएको देखिन्छ। निज मोहन बहादुर बस्नेतले घुस रिसवत वापत प्राप्त जग्गा/सम्पत्ति बिक्री गरी प्राप्त रकमलाई रु.५,४४,५४,०२७।२४(अक्षरेपी पाँच करोड चौवालिस लाख चौवन्न हजार सत्ताईस रुपैया चौविस पैसा) प्रभु बैंक लिमिटेड र सितापाइला सहकारी संस्था लिमिटेडको कर्जा चुक्ता गर्ने प्रयोजनार्थ खर्च भएको देखिन्छ, बाँकी रकम प्रतिवादी उर्मिला बस्नेतको नाममा रहेको सितापाईला १ स्थित कि.न.३३५, ३३९ र ३४० भएको जग्गामा निर्माणाधिन व्यवसायिक भवनमा र व्यक्तिगत प्रयोजनमा खर्च भएको देखिन्छ। यसैगरी प्रतिवादी राजु प्रसाद कँडेल र निजको कम्पनीबाट प्रतिवादीहरु मोहन बहादुर बस्नेत र उर्मिला बस्नेतको खातामा घुस रिसवत वापत जम्मा भएको रकम रु.२,१५,७३,३९५।३३ (अक्षरेपी दुई करोड पन्ध्र लाख त्रीहत्तर हजार तीन सय पन्चानब्बे रुपैया तेत्तीस पैसा) माथि तालिका नं.१७ मा विश्लेषण गरिए बमोजिम खर्च गरे गराएको देखिन्छ। निज प्रतिवादी मोहन बहादुर बस्नेतको छोराको बैबाहिक भोजको पार्टीमा लागेको रकम समेत प्रतिवादी राजु प्रसाद कडेल र निजको कम्पनीले भुक्तान गरेको देखिएकोबाट प्रतिवादी उर्मिला बस्नेतले प्रतिवादी मोहन बहादुर बस्नेतसमेत सँगको मिलोमतोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूरजन्य कार्य घुस/रिसवत बापत प्राप्त गरेको रकम/सम्पत्तिको स्रोत लुकाउने कलुषित मनसाय राखी उक्त कसुरजन्य कार्यको सजाय छल्न सकिन्छ की भन्ने मनसायका साथ त्यसरी प्राप्त गरेको सम्पत्तिको अधिकार बदल्न, स्वामित्व र स्वरुप परिवर्तन गर्ने निज प्रतिवादी उर्मिला बस्नेत मुख्य कसूरदार प्रतिवादी मोहन बहादुर बस्नेतले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसुरको मतियार भई सोही ऐनको दफा ३ को उपदफा (२) तथा सोही दफा ३ को उपदफा (३) मा परिभाषित कसुर बमोजिमको कसुरदार भएको दखिदा देखिदै निज प्रतिवादी उर्मिला बस्नेतले सम्पत्ति धारण गरेको देखिए तापनि अपराधबाट आर्जित सम्पत्ति हो भन्ने वा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादीहरु मोहन बहादुर बस्नेत र उर्मिला बस्नेतलाई आँफैले उपलब्ध गराएको रिसवत वापतको रकम शुद्धीकरण गरेको विश्वास गर्नुपर्ने मनासिव आधार हुँदा हुँदै मुख्य कसूरदारलाई सहयोग गरे गराएको पुष्टी भएको देखिँदा प्रतिवादीहरु पद्मा मर्चेन्ट कम्पनी प्रा.लि., पद्मा कोलोनी प्रा.लि. तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कडेलले मुख्य कसूरदार प्रतिवादी मोहन बहादुर बस्नेतले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसुरको दुरुत्साहन, मद्दत, सहजीकरण समेत गरी सोही ऐनको दफा ३ को उपदफा (२) तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसुर गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरु पद्मा मर्चेन्ट कम्पनी प्रा.लि., पद्मा कोलोनी प्रा.लि. तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कडेललाई रु.१३,१२,७३,०३२।३३ (अक्षरेपी तेह्र करोड बाह्र लाख त्रीहत्तर हजार बत्तीस रुपैया तेत्तीस पैसा मात्र) बिगो कायम गरी सोही ऐनको दफा ३० को उपदफा (२), (५) (८) बमोजिम सजाय गरी पाउन, साथै सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम माथि तालिका नं.१३ मा उल्लेखित सम्पत्ति/जग्गा समेत जफत/असुल उपर गरी पाउन मागदावी लिईएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादी मोहन बहादुर बस्नेत र घुस रिसवत दिने पद्मा कोलोनी प्रा.लि., पद्मा | | कसूरबाट आर्जित सम्पत्ति हो भन्ने जानीजानी धारण वा रुपान्तरण गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजातबाट देखिन आएन भन्ने आधार ग्रहण गरी निजले कसूरबाट प्राप्त रकमको स्रोत लुकाउने मनसायले सम्पत्तिको अधिकार बदल्न, स्वामित्व र स्वरुप परिवर्तन गर्ने कार्य गरेको स्पष्ट रुपमा देखिदा देखिदै निज गैरकानूनी सम्पत्तिको धारणकर्ता प्रतिवादी उर्मिला बस्नेतलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला बदरभागी छ।<br>• मोहन बहादुर बस्नेतले निजको श्रीमती उर्मिला बस्नेतसँगको मिलोमतोमा घरजग्गा व्यवसायी राजु प्रसाद कडेल र निजको कम्पनी पद्मा कोलोनी, पद्मा मर्चेन्ट प्रा.लि.समेतबाट माथि विवेचना गरे बमोजिम **घुस/रिसवत** लिई/दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूरजन्य कार्य गरी गराई उक्त घुस/रिसवतको उत्पत्तिको गैरकानूनी स्रोत (Illicit origin) बाट अलग देखाउनका लागि पद्मा मर्चेन्ट कम्पनी प्रा.लि. बाट प्राप्त जिल्ला काठमाडौं साविक सितापाईला गा.वि.स वडा नं. ६ कि.नं. २९६ र २९९, क्षेत्रफल क्रमशः ७४९.९ व.मि. र ४३१.९ व.मि. भएको जग्गा कित्ता काट गरी कायम कित्ता नं. ३१६ र ३१८, क्षेत्रफल क्रमशः ३७९.४२ व.मि. र १९०.४१ व.मि. भएको जग्गा मिति २०८०/०३/२९ गते माधब प्रसाद ढकाललाई बिक्री गरी रु.३,६०,००,०००।-**(अक्षरेपी तिन करोड साठी लाख)** तथा सोही जग्गा कित्ता काट गरी कायम कित्ता नं.३१७ र ३१९, क्षेत्रफल क्रमशः ३७०.४८ व.मि. र २४१.४९ व.मि. भएको जग्गा मिति २०८०/१२/२१ गते प्यासिफिक फ्रोजन फुड्स प्रा.लि.लाई राजिनामा लिखतमा रु.७,१२,२७,०००।-**(अक्षरेपी सात करोड बाह्र लाख सत्ताईस हजार)** समेत गरी कूल जम्मा रु.१०,७२,२७,०००।-**(अक्षरेपी दश करोड बहत्तर लाख सत्ताईस हजार)** रकम प्राप्त गरेको पुष्टि भएको देखिन्छ। प्रतिवादी मोहन बहादुर बस्नेतसमेतले घुस रिसवत वापत प्राप्त जग्गा बिक्री गरी प्राप्त रकमलाई रु.५,४४,५४,०२७।२४**(अक्षरेपी पाँच करोड चौवालिस लाख चौवन्न हजार सत्ताईस रुपैया चौबिस पैसा)** प्रभु बैंक लिमिटेड र सितापाइला सहकारी संस्था लिमिटेडको कर्जा चुक्ता गर्ने प्रयोजनार्थ खर्च भएको देखिन्छ, बाँकी रकम उर्मिला बस्नेतको नाममा रहेको सितापाईला १ स्थित कि.न. ३३५, ३३९ र ३४० भएको जग्गामा निर्माणाधिन व्यवसायिक भवनमा र व्यक्तिगत प्रयोजनमा खर्च भएको देखिन्छ। यसै गरी राजु प्रसाद कँडेल र निजको कम्पनीबाट प्रतिवादीहरु मोहन बहादुर बस्नेत र उर्मिला बस्नेतको खातामा घुस वापत जम्मा गरे गराएको रकम **रु.२,१५,७३,३९५।३३ (अक्षरेपी दुई करोड पन्ध्र लाख त्रीहत्तर हजार तीन सय पन्चानब्बे रुपैया तेत्तीस पैसा) आरोपपत्रको तालिका नं.१७ मा देखाईए बमोजिम खर्च गरेको** देखिन्छ। प्रतिवादी मोहन बहादुर बस्नेतको छोरा अनोज बस्नेतको होटेल शंकर प्रा.लि. मा भएको बैबाहिक भोजको पार्टीमा लागेको खर्च रु.२४,७२,६३७।–**(अक्षरेपी चौबिस लाख बहत्तर हजार छ सय सैतिस)** प्रतिवादी राजु प्रसाद कडेल र निजको कम्पनीले भुक्तान गरेको देखिएकोसमेतबाट प्रतिवादीहरुले घुस/रिसवत सम्बन्धी कसूर गरी प्राप्त गरेको रकम/सम्पत्तिको स्रोत लुकाउने कलुषित मनसाय राखी उक्त कसुरजन्य कार्यको सजाय छल्न सकिन्छ भन्ने मनसायका साथ त्यसरी प्राप्त गरेको सम्पत्तिको अधिकार बदल्न, स्वामित्व र स्वरुप परिवर्तन गर्न प्रतिवादी मोहन बहादुर बस्नेतले गैरकानूनी रुपमा प्राप्त गरेको सम्पत्ति/जग्गालाई बिक्री बितरण गरी कर्जा भुक्तानीसमेत गरेको, बिभिन्न व्यक्तिहरुलाई भुक्तानी गरेको, घर निर्माणमा खर्च गरेको लगायत बिभिन्न व्यक्तिगत प्रयोजनमा खर्च गरेको स-प्रमाण पुष्टी भएको देखिँदा देखिँदै गैरकानूनी स्रोत घुस/रिसवतबाट (Illicit origin) अलग देखाउनका लागि प्रतिवादी मोहन बहादुर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मर्चेन्ट कम्पनी प्रा.लि. र सो कम्पनीको अध्यक्ष/संचालक राजु प्रसाद कँडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम दामासाहीले रू.२,३०,६१,५०८।०८ (दुई करोड तीस लाख एकसट्ठी हजार पाँच सय आठ रुपैयाँ आठ पैसा) जरिबाना हुने, बिगोको दामासाहीले चारै जना प्रतिवादीहरूबाट जनही बिगो बराबरको रकम जफत हुने र प्राकृतिक व्यक्तिहरू दुबै जना प्रतिवादी मोहन बहादुर बस्नेत तथा राजु प्रसाद कँडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम जनही ८ (आठ) वर्ष कैद सजाय हुने ठहर्छ। सोको अतिरिक्त नगरपालिकाको प्रमुख भई महत्वपूर्ण पदीय ओहोदामा बहाल रही उक्त कसूर गरेको देखिन आएकोले ऐ. ऐनको दफा २४ बमोजिम ३ (तीन) महिना थप कैद सजाय समेत हुने ठहर्छ।<br>• सम्पत्ति शुद्धीकरणतर्फ प्रतिवादी मोहन बहादुर बस्नेतले बिगो रू.१३,१२,७३,०३२।३३ (तेह्र करोड बाह्र लाख त्रीहतर हजार बत्तिस रूपैयाँ तेत्तिस पैसा) को सम्पत्ति शुद्धीकरणको कसूर गरेको देखिँदा निज प्रतिवादी मोहनबहादुर बस्नेतलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्छ। साथै, बिगोको दोब्बर रू.२६,२५,४६,०६४।६६ (छब्बिस करोड पच्चिस लाख छयालिस हजार चौसठ्ठी रुपैयाँ छैसट्ठी पैसा) जरिबाना | | बस्नेतले गरेको कार्यमा सहयोग गर्ने तथा सम्पत्ति शुद्धीकरण कार्यमा सहयोगीको भूमिका गर्ने प्रतिवादी उर्मिला बस्नेत, पद्मा कोलोनी, पद्मा मर्चेन्ट प्रा.लि. तथा उक्त कम्पनीका संचालक रहेका राजु प्रसाद कँडेललाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण हुँदा उक्त फैसला बदर गरी प्रतिवादीहरुलाई आरोपदावी बमोजिम सजाय गरी पाउँ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, विशेष अदालतवाट यी प्रतिवादीहरु मोहन बहादुर वस्नेत, पद्मा मर्चेन्ट कम्पनी प्रा.लि., पद्मा कोलोनी प्रा.लि. तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कंडेललाई घुस रिसवत तर्फ विगो दामासाही गरि कम सजाय गरेको हकमा, प्रतिवादी उर्मिला बस्नेतलाई घुस रिसवत कसुर तर्फ सफाई हुने गरि फैसला भएको हकमा र सम्पति शुद्धिकरण तर्फ प्रतिवादी मोहन बहादुर बस्नेत वाहेक अन्य प्रतिवादीहरुपद्मा मर्चेन्ट कम्पनी प्रा.लि., पद्मा कोलोनी प्रा.लि. तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कंडेल र उर्मिला बस्नेतलाई आरोपदावी बाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिएकोले सो हद सम्म बदर गरि निज प्रतिवादीहरुलाई आरोप-पत्र मागदावी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हुने र ऐ. ऐनको दफा ३४ को उपदफा (१) बमोजिम आरोपपत्रको तालिका नं. १२ मा उल्लिखित सम्पत्ति/जग्गा समेत जफत हुने ठहर्छ। साथै यसका अतिरिक्त निज प्रतिवादी मोहन बहादुर बस्नेतलाई सम्पत्ति शुद्धीकरण (मनि लाउनडरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा ७ बमोजिम राष्ट्रसेवकले गरेको सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा थप १० प्रतिशत सजाय हुने कानूनी व्यवस्था बमोजिम कैद तर्फ ठहर भएको तीन वर्षको १० प्रतिशत सजाय ३ महिना १८ दिन र जरिबानातर्फ ठहर भएको रू.२६,२५,४६,०६४।६६ को थप जरिबाना रू.२,६२,५४,६०६।४६ (दुई करोड बैसट्ठी लाख चौवन हजार छ सय रुपैयाँ छयालिस पैसा) हुने ठहर्छ।<br>• प्रतिवादीहरू पद्मा कोलोनी प्रा.लि., पद्मा मर्चेन्ट प्रा.लि.तथा सो कम्पनीहरूको अध्यक्ष/सञ्चालक राजु प्रसाद कँडेल उपरको सम्पत्ति शुद्धीकरणतर्फको दाबी पुग्न सक्ने देखिएन।सो हदसम्म निज प्रतिवादीहरूले सफाई पाउने ठहर्छ।<br>• प्रतिवादी उर्मिला बस्नेतले घुस रिसवतको कसूर र सम्पत्ति शुद्धिकरणको कसूर तर्फको आरोदावीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको देखिन्छ।<br>• प्रतिवादी मध्येका मोहन बहादुर बस्नेत उपर दाबी गरिएको सम्पत्ति शुद्धीकरणको कसूरको हकमा निज प्रतिवादीले बिगो रू.१३,१२,७३,०३२।३३ (तेह्र करोड बाह्र लाख त्रीहतर हजार बत्तिस रूपैयाँ तेत्तिस पैसा) को सम्पत्ति | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | शुद्धीकरणको कसूर गरेको देखिँदा निज प्रतिवादी मोहनबहादुर बस्नेतलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्छ। साथै, बिगोको दोब्बर रू.२६,२५,४६,०६४।६६ (छब्बिस करोड पच्चिस लाख छयालिस हजार चौसठ्ठी रुपैयाँ छैसठ्ठी पैसा) जरिबाना हुने र ऐ. ऐनको दफा ३४ को उपदफा (१) बमोजिम आरोपपत्रको तालिका नं. १२ मा उल्लिखित सम्पत्ति/जग्गा समेत जफत हुने ठहर्छ।यसका अतिरिक्त निज प्रतिवादी मोहन बहादुर बस्नेतलाई सम्पत्ति शुद्धीकरण (मनि लाउनडरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (७) बमोजिम राष्ट्रसेवकले गरेको सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा थप १० प्रतिशत सजाय हुने कानूनी व्यवस्था बमोजिम कैद तर्फ ठहर भएको तीन वर्षको १० प्रतिशत सजाय ३ महिना १८ दिन र जरिबानातर्फ ठहर भएको रू.२६,२५,४६,०६४।६६ को १० प्रतिशतले हुने रू.२,६२,५४,६०६।४६ (दुई करोड बैसठ्ठी लाख चौवन हजार छ सय रुपैयाँ छयालिस पैसा) जरिवाना हुने ठहर गरि आरोप दावी बमोजिम नै फैसला भएको देखिदा प्रतिवादी मोहन बहादुर बस्नेतको हकमा सम्पत्ति शुद्धीकरण (मनि लाउनडरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गतको कसूरको हकमा पुनराबेदन जिकिर लिईएको छैन। | | |